चिचिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## प्रशासन, योजना तथा अनुगमन शाखा
## (प्रशासन इकाइ)

चिचिला, सङ्खुवासभा
१ नं. प्रदेश, नेपाल

### करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७५/०१/०६)

चिचिला गाउँ कार्यपालिकाको मिति २०७४/१२/२९ गतेको कार्यपालिका बैठकबाट कर्मचारी व्यवस्थापन कार्यविधिका सन्दर्भमा भएको निर्णयानुसार चिचिला गाउँपालिकामा रहेको रिक्त दरबन्दीमा स्थायी पदपूर्ति नभएसम्म वा समायोजन ऐन, २०७४ बमोजिम पदपूर्ति नभएसम्मको लागि देहायका पदहरुमा करार सेवामा पदपूर्ति गर्न ईच्छुक आवेदकहरुलाई दरखास्त दिन ७ दिने सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम यस कार्यालयको website: www.chichilamun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

| विज्ञापन नं. | पद | पद सङ्ख्या | समूह | कैफियत |
|---|---|---|---|---|
| ४/०७४-०७५ | सिभिल इन्जिनियर | १ (एक) | खुला | |

**परीक्षाको किसिमः-** लिखित र अन्तर्वार्ता।

**परीक्षा केन्द्रः-** गाउँ कार्यपालिकाको कार्यालयले पछि निर्धारण गरे अनुसार हुनेछ।

**आवश्यक न्यूनतम योग्यताः-** लोक सेवा आयोगले सञ्चालन गर्दै आएको मापदण्ड बमोजिम हुनेछ र नेपाल इन्जिरियरिङ परिषद्मा नाम दर्ता भएको हुनु पर्नेछ।

**दरखास्तको माध्यमः-** ईच्छुक आवेदकले उपर्युक्त बमोजिमको परीक्षा दस्तुर रकम जम्मा गरेको भौचर साथ तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, व्यक्तिगत विवरण, आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र तथा अनुभव आदिको प्रमाणित प्रतिलिपिहरु साथ राखी रीतपूर्वकको आवेदन फाराम भरी हुलाक, यस कार्यालयको ईमेल ठेगाना chichilagaunpalika@gmail.com मार्फत वा स्वयम् उपस्थित भई आवेदन दिनुपर्नेछ।

**उम्मेदवारको उमेर हदः-** दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने तर महिला र अपाङ्गको उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७५/०१/१३ गते सम्म उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन।

**दरखास्त दस्तुरः-** रु. १०००.०० (एक हजार रुपैयाँ)

**दरखास्त दस्तुर बुझाउने स्थानः-** चिचिला गाउँ कार्यपालिकाको कार्यालय चिचिला संखुवासभामा बुझाउन वा यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं. २०८०३०४०१८१०३ मा जम्मा गर्न सकिनेछ।

**आवेदन स्वीकृति प्रकाशनः-** २०७५/१/१५ गते ।

चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## प्रशासन, योजना तथा अनुगमन शाखा

## (प्रशासन इकाइ)

चिचिला, सङ्खुवासभा
१ नं. प्रदेश, नेपाल

| | |
|---|---|
| **लिखित परीक्षा मिति :-** | २०७५/०१/२० गते थप परीक्षा तालिका पछि प्रकाशन गरिनेछ। |
| **अन्तर्वार्ता मितिः-** | लिखित परीक्षा भएको दिन सूचना प्रकाशन गरिनेछ। |
| **तलबः-** | प्रचलित कानून बमोजिम हुनेछ। |
| **परीक्षा पाठ्यक्रमः-** | लोक सेवा आयोगको प्रचलित पाठ्यक्रम अनुसार हुनेछ। |
| **पुनश्चः-** | थप जानकारीको लागि यस कार्यालयको ठेगानामा सम्पर्क गर्न सक्नु हुनेछ। |

............................
(रेम्बु चाम्लिङ राई)
प्रमुख प्रशासकीय अधिकृत